# कोषको सुन्धारास्थित भवन (काठमाण्डौ मल) मा कार्यरत सरसफाईकर्मी, सुरक्षाकर्मी तथा ईलेक्ट्रिसियनको सेवा आवश्यक नरहेको सम्वन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८२/०४/१५)**

कोषको सुन्धारास्थित भवन प्रतिस्पर्धाको माध्यमबाट बहालमा लिने भाडावाल श्री दिवा सपना जे.भि. तथा कोष बीच सम्पन्न घर बहालमा लिने दिने सम्वन्धि करार सम्झौता मिति २०८१/०१/१६ देखि भंग भएको कारण उक्त भवनमा व्यापार व्यवसाय गरी बस्ने व्यवसायीको भाडा व्यवस्थापन लगायत भवनको सरसफाई, सुरक्षा, बिद्युत तथा पानि लगायतको प्रवन्ध गर्ने कार्य मिति २०८१/०४/२८ देखि कोषले नै गर्नु पर्ने बाध्यात्मक अवस्थाको सिर्जना भएका कारण उक्त भवन प्रतिस्पर्धाको माधयमबाट भाडामा नलगाएको अवधिसम्मका लागि तत्कालिन भाडावाल श्री दिवा सपना जे.भि.ले काममा लगाएका सरसफाईकर्मी, सुरक्षाकर्मी तथा ईलेक्ट्रिसियनलाई नै नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिक प्रदान गर्ने गरी सेवा लिई रहेकोमा हाल उक्त भवन प्रतिस्पर्धाको माध्यमबाट भाडामा लिने हालका भाडावाल श्री नवीन कंडेललाई कोषसंग सम्पन्न भाडा सम्झौताको अधिनमा रही सञ्चालन गर्न मिति २०८२/०४/०१ देखि भवन हस्तान्तरण गरिएको सूचना मिति २०८२/०३/३२ मा गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित गरी सम्वन्धित सबैलाई जानकारी गराईएको । उक्त भवन हालका भाडावाललाई हस्तान्तरण भएको मितिदेखि सो भवनमा रहेका सरसफाईकर्मी, सुरक्षाकर्मी तथा ईलेक्ट्रिसियनको सेवा कोषलाई आवश्यक नरहेको ब्यहोरा सम्वन्धित ब्यक्तिहरुलाई सोही समयमा मौखिक जानकारी गराई सकिएकोमा यसै सूचना मार्फत पुनः जानकारी गराईन्छ ।

**कर्मचारी सञ्चय कोष**
सम्पत्ति व्यवस्थापन विभाग
पुल्चोक, ललितपुर।
फोन नं.: ०१-५०१०००७, ०१-५०१०००९